NABIL BANK®
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

**Nabil Bank**
P.O.Box 3729 Teendhara, Durbarmarg
Kathmandu, Nepal
Email : info@nabilbank.com
Tel : (977-1) 4227181, 4221718
Fax : (977-1) 4226905
SWIFT : NARBNPKA
Website : www.nabilbank.com

मितिः २०७९/०२/१९

**प.लि.नं.: १-२०४०/४१**

**नेपाल स्टक एक्सचेञ्ज लिमिटेड**

**सिंहदरबार प्लाजा, काठमाडौं ।**

**विषय : <u>विशेष साधारणसभाको काम कारवाहीको/निर्णय विवरण (माईन्यूट) सम्बन्धमा ।</u>**

महोदय,

यस नबिल बैंक लिमिटेडको मिति २०७९ ज्येष्ठ ७, शनिवार (तदनुसार २१ मे, २०२२) सिल्भर ओक ब्याङ्क्वेट तथा इभेन्ट सेन्टर, गैह्रीधारा, काठमाडौंमा सम्पन्न विशेष साधारणसभाको काम कारवाहीको/निर्णय विवरण (माईन्यूट) यसै पत्रसाथ पेश गरिएको बेहोरा अनुरोध छ ।

भवदीय,

NABIL BANK Head Office Teendhara, Kathmandu

विनय कुमार रेग्मी

कम्पनी सचिव

**संलग्नः**

१. साधारणसभाको काम कारवाहीको/निर्णय विवरण (माइन्यूट) ।

# नबिल बैंक लिमिटेडको
## विशेष साधारण सभाको काम कारबाहीको विवरण (माईन्यूट)

१. **वैधानिक सभा :**
कम्पनी ऐन, २०६३ र बैंकको नियमावली बमोजिम बैंकको विशेष साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री उपेन्द्र प्रसाद पौडेलज्यूको अध्यक्षतामा तल उल्लिखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय भयो ।

२. **सभाको मिति, स्थान र समय :**
मिति : बि.सं. २०७९ ज्येष्ठ ७, शनिवार (तदनुसार २१ मे, २०२२)
स्थान : सिल्भर ओक ब्याङ्कवेट तथा इभेन्ट सेन्टर, गैह्रीधारा, काठमाडौं
समय : बिहान ११:०० बजे प्रारम्भ भई अपरान्ह २:३० बजे सम्पन्न भएको

३. **सभाको सूचना :**
कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम बैंकको विशेष साधारण सभाको सूचना सहितको सभामा छलफल गरिने विषयहरू शेयरधनीहरुको व्यक्तिगत ठेगानामा पठाउनुको साथै वि.सं. २०७९ बैशाख २३ गतेको "आर्थिक अभियान" राष्ट्रिय दैनिक र २०७९ बैशाख २९ गतेको "कारोबार" राष्ट्रिय दैनिकमा सभा हुने मिति, समय, स्थान र छलफल हुने विषयको सूचना शेयरधनी महानुभावहरुमा जानकारीको लागि प्रकाशित गरिएको थियो । उक्त सूचना बैंकको वेवसाइट www.nabilbank.com मा समेत प्रकाशित गरिएको थियो ।

४. **छलफलको विषय :**
**(क) विशेष प्रस्तावहरु:**

१. नबिल बैंक लिमिटेडले नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई प्राप्ति (Acquisition) गर्ने प्रयोजनको लागि मुल्यांकनकर्ता पिकेएफ टी.आर. उपाध्याय एण्ड कम्पनी, चाटर्ड एकाउण्टटेन्ट्सबाट प्राप्त लक्षित संस्थाको सम्पत्ति, दायित्व तथा कारोवारको मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) बमोजिम सिफारिस गरिएको शेयर आदानप्रदान अनुपात (Share Swap Ratio) मा व्यावसायिक अवसरहरु, व्यवसायको प्रतिष्ठा, कर्मचारीहरुको योग्यता, क्षमता, दक्षता तथा कार्यकुशलता, बजार उपस्थिति, मुनाफा वितरणको इतिहास, पछिल्लो शेयर बजार मुल्य समेतका विषयहरुको आधारमा नेपाल बंङ्गलादेश बैंक लिमिटेडको १०० कित्ता शेयर बराबर उक्त कम्पनीका शेयरधनीहरुलाई नबिल बैंक लिमिटेडको ४३ कित्ता (१:०.४३) शेयर प्रदान गर्ने गरी नेपाल बंङ्गलादेश बैंक लिमिटेडलाई प्राप्ति (Acquisition) गर्न स्वीकृति प्रदान गर्ने ।

२. नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई नबिल बैंक लिमिटेडले प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा भएको सम्पत्ति, दायित्व, तथा कारोबारको मुल्यांकनकर्ता पिकेएफ टी.आर.उपाध्याय एण्ड कम्पनी, चाटर्ड एकाउण्टटेन्ट्सको नियुक्ति तथा निजलाई भुक्तानी गरिएको पारिश्रमिक, सम्पत्ति तथा



NABIL BANK Head Office Teendhara, Kathmandu

दायित्व मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report), समभ्दारीपत्र (Memorandum of Understanding) तथा अन्तिम सम्भौता पत्र (Final Scheme of Arrangement) लगायतका सम्पूर्ण काम कारवाहीहरुलाई अनुमोदन गर्ने ।

३. विशेष प्रस्ताब १ बमोजिम नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई प्राप्ति गरे पश्चात बैंकको अधिकृत, जारी तथा चुक्ता पूँजी बृद्धि हुने भएको तथा संस्थापक र सर्वसाधारण शेयरधनीहरुको शेयर स्वामित्व प्रतिशत समेत परिवर्तन हुने भएकोले सोही बमोजिम बैंकको प्रबन्धपत्रको विभिन्न दफाहरुमा संशोधनको प्रस्तावलाई स्वीकृति प्रदान गर्ने ।

४. नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई प्राप्ति गर्ने प्रक्रियामा एवं बैंकको प्रबन्ध पत्र तथा नियमावली संशोधनको क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका विभिन्न नियमनकारी निकायबाट स्वीकृति लिने/अभिलेख गर्ने क्रममा भए गरेका काम कारवाही वा पूँजी संरचना वा प्रबन्धपत्र तथा नियमावलीको संशोधनका सम्बन्धमा नियमनकारी निकायहरुबाट संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा सोही बमोजिम संशोधन/परिमार्जन समेतका सम्पूर्ण कार्यहरु गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

५. नबिल बैंक लिमिटेडमा अर्को बैंक तथा वित्तीय संस्था गाभ्ने वा बैंकलाई अर्को बैंक तथा वित्तीय संस्थासँग गाभ्ने (Merger) वा प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा आवश्यकता अनुसार मर्जर/प्राप्ति समितिको गठन गर्ने, उपयुक्त संस्थासँग समभ्दारीपत्र (Memorandum of Understanding) गर्ने, सम्पत्ति तथा दायित्व मुल्यांकन (Due Diligence Audit) गर्ने/गराउने, शेयर आदानप्रदान अनुपात (Share Swap Ratio) तय गर्ने, गाभ्ने/गाभिने वा प्राप्त गर्ने सम्बन्धमा अन्तिम सम्भौता गर्ने लगायतका सो सम्बन्धमा गनुपर्ने आवश्यक सम्पूर्ण कार्य गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**(ख) विविध :**

**५. उपस्थिति :**

**५.१ सञ्चालकहरु :**

| | | | |
|---|---|---|---|
| १. | श्री उपेन्द्र प्रसाद पौडेल | : | अध्यक्ष |
| २. | श्री निर्वाण कुमार चौधरी | : | उपाध्यक्ष |
| ३. | श्री मलय मुखर्जी | : | सञ्चालक (Zoom मार्फत) |
| ४. | श्रीमती आशा राणा अधिकारी | : | स्वतन्त्र सञ्चालक |
| ५. | श्री अनन्त पौड्याल | : | सञ्चालक |
| ६. | श्री प्रविन टिवडेवाला | : | सञ्चालक |
| ७. | श्री उदय कृष्ण उपाध्याय | : | सञ्चालक |

NABIL BANK Head Office Teendhara, Kathmandu

५.२ **व्यवस्थापन पदाधिकारी :**

| | | |
|---|---|---|
| १. | श्री अनिल केशरी शाह | : प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री सुजित कुमार शाक्य | : नायब प्रमुख कार्यकारी अधिकृत |
| ३. | श्री विनय कुमार रेग्मी | : नायब प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव |
| ४. | श्री मनोज कुमार ज्ञवाली | : महाप्रबन्धक तथा प्रमुख वित्त अधिकृत |
| ५. | श्री आदर्श बजगाई | : नायब महाप्रबन्धक (प्रमुख अन्तर्राष्ट्रिय बैंकिङ्ग तथा रणनीतिक विस्तार |
| ६. | श्री कृष्ण दत्त भट्टराई | : नायब महाप्रबन्धक (प्रमुख आन्तरिक लेखापरीक्षण) |
| ७. | श्री ज्ञानेन्द्र प्रताप शाह | : प्रमुख व्यापार अधिकृत–कर्पोरेट कर्जा, पूर्वाधार तथा परियोजना कर्जा विभाग |
| ८. | श्री गणेश प्रसाद अवस्थी | : प्रमुख सञ्चालन अधिकृत |

५.३ **पर्यवेक्षक तथा आमन्त्रित :**

| | | |
|---|---|---|
| १. | श्री विमल मान श्रेष्ठ | : पर्यवेक्षक – कम्पनी रजिष्ट्रारको कार्यालय |
| २. | श्री मन्दिप अधिकारी | : बाह्य लेखापरीक्षक – प्रतिनिधि, एस.ए.आर. एसोसिएट्स, चार्टड एकाउन्टेण्ट्स |
| ३. | श्री प्रकाश जङ्ग थापा | : बाह्य लेखापरीक्षक – साझेदार, पि.जे.पि.एन. एण्ड कम्पनी चार्टड एकाउन्टेण्ट्स |
| ४. | श्री शशी सत्याल | : बरिष्ठ साझेदार, पिकेएफ टी.आर. उपाध्याय एण्ड कम्पनी, चाटर्ड एकाउण्टटेन्ट्स (सम्पत्ति, दायित्व, तथा कारोबारको मुल्यांकनकर्ता) |

५.४ **शेयरधनीहरुको उपस्थिति :**

भौतिक रुपमा तथा भर्चुर्वल/विद्युतीय प्रविधि (Zoom) मार्फत जम्मा उपस्थित संख्या : २३८

६. **गणपूरक संख्या :**

NABIL BANK Head Office Teendhara, Kathmandu

| विवरण | कुल शेयरधनी संख्या | उपस्थिति | | जम्मा उपस्थिति | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|---|---|
| | | भौतिक | विद्युतीय प्रविधि मार्फत | | |
| शेयरधनी संख्या (संस्थापक र सर्वसाधारण समूह) | १,१६,३१७ | २२२ | ११ | २३३ | |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | १८,४९,६१,८६७.४५ | १०,९४,६८,०४६.६९ | | | ५९.१८% |

७. **सभाको वैधानिकता र सभाको अध्यक्षता :**

७.१ कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम बैंकको विशेष साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या २२२ तथा Zoom Link मार्फत अनलाईनमा सहभागी जनाउने शेयरधनीको संख्या ११ गरी कुल सहभागी संख्या २३३ रहेको र कुल शेयरको ५९.१८ प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको प्रमाणित गरी प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको सभालाई जानकारी गराउनु भयो ।

७.२ कम्पनी सचिवले शेयरधनी महानुभावहरु सबैलाई स्वागत अभिवादन गर्दै आसन ग्रहणका लागि अनुरोध गर्नुभयो र तत्पश्चात् उपस्थित सञ्चालकहरु तथा प्रमुख कार्यकारी अधिकृतको परिचय गराउँदै आसन ग्रहण गर्न उहाँहरुलाई अनुरोध गरी सभाको कार्य अगाडि बढाउनु भयो ।

७.३ बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्षले गर्ने व्यहोरा जानकारी गराउँदै बैंकको विशेष साधारण सभा शुरु गर्न अध्यक्ष श्री उपेन्द्र प्रसाद पौडेलज्यूलाई कम्पनी सचिवले अनुरोध गर्नुभयो ।

८. **विशेष साधारणसभामा क्षलफलका विषयहरु सहित प्रतिवेदनको प्रस्तुति :**

८.१ सभाका अध्यक्षले औपचारिक रुपमा सभा शुरु भएको घोषणा गर्नुभयो र नबिल बैंक लिमिटेडले नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई प्राप्ति गर्ने सम्बन्धमा गरिएको हाल सम्म भएगरेका काम सहित साधारणसभामा प्रस्तावित विशेष प्रस्तावहरुलाई ध्यानमा राखि सो सम्बन्धमा गरिएको समझदारीपत्र (Memorandum of Understanding), मुल्यांकनकर्ता PKF T.R. Upadhya & Co., Chartered Accountants बाट प्राप्त सम्पत्ति तथा दायित्व मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) र अन्तिम सम्झौता पत्र/सहमति पत्र (Final Scheme of Arrangement/Agreement) लगायतका सम्बन्धमा संक्षिप्त रुपमा मुख्य मुख्य बुँदाहरु सहितको प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्नुभयो



NABIL BANK Head Office Teendhara, Kathmandu

। सर्वप्रथम अध्यक्षज्यूले शेयरधनी लगायत सभामा उपस्थित सम्पुर्ण महानुभावहरुलाई स्वागत गर्नुभयो ।

बैंकिङ्ग क्षेत्रमा थप चुनौतिहरु देखा पर्दै आईरहेको र आगामी दिनहरु थप चुनौतिपुर्ण हुने तर्फ शेयरधनीहरुको ध्यानकर्षण गराउनु भयो । वित्तीय क्षेत्र सुदृढीकरणका सम्बन्धमा नेपाल सरकारले अंगिकार गरेको नीति तथा नेपाल राष्ट्र बैंकबाट जारी आ.व.२०७८/७९ को मौद्रिक नीतिले बैंक तथा वित्तीय संस्थाहरुको पूँजीको आधार दरिलो बनाई जोखिम वहन क्षमता सुदृढ तुल्याउन बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा स्वःस्फूर्त रुपमा गाभ्ने, गाभिने तथा प्राप्तिं प्रक्रियामा सहभागी हुन प्रोप्साहन गरे बमोजिम हामीले नेपाल राष्ट्र बैंकबाट जारी बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ को व्यवस्था बमोजिम नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई प्राप्ति गर्न गइरहेको बताउनुभयो । समग्र बैंकिङ्ग प्रणालीको सम्बर्द्धन गरी सो प्रति सर्वसाधारणको विश्वासनियतामा थप अभिबृद्धि गर्न, बैंकिङ्ग प्रणालीलाई थप सुशासित, सुरक्षित, स्वच्छ, कुशल तथा सक्षम बनाई बैंकिङ्ग क्षेत्रको स्थायित्व कायम गर्न, पूँजीगत आधार सुदृढ गरी प्रतिस्पर्धात्मक क्षमताको विकास गर्न, बैंकिङ्ग, मानव संशाधन, प्राविधिक तथा अन्य समग्र क्षमता अभिबृद्धि गरी सर्वसाधारणलाई आधुनिक थप गुणस्तरीय बैंकिङ्ग सुविधा प्रदान गर्ने क्षमतामा थप विस्तार गर्न, निक्षेपकर्ता, लगानीकर्ता लगायतका सरोकारवालाहरुको हित संरक्षण गर्न, देशव्यापी शाखाहरुको सञ्जाल विस्तार गरी वित्तीय सेवामा सर्वसाधारणको पहुँच अभिबृद्धि गर्न, पूँजीगत आधार सुदृढ गरी सम्भावित वित्तीय जोखिम तथा ख्याति सम्बन्धी जोखिमलाई न्यूनिकरण गर्ने तथा हाम्रा सम्पूर्ण शेयरधनी महानुभावहरुको वृहत्तर हितलाई अभिबृद्धि गर्ने उदेश्यले मिति २०७८ पौष २९ गते नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई प्राप्ति गर्न भएको प्राप्ति सम्बन्धी सम्झौता पत्र र श्री नेपाल राष्ट्र बैंकको मिति २०७८ फाल्गुण २९ को सैद्धान्तिक सहमती प्राप्त भए बमोजिम नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई प्राप्ति गर्नका लागि आजको यस विशेष साधारण सभा बोलाईएको जानकारी गराउनुभयो ।

नबिल बैंकले नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई प्राप्ति गरेपश्चात बैंकको नाम नबिल बैंक लिमिटेड र बैंकको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, का. म. न. पा. - १, तीनधारा, दरबारमार्ग, काठमाण्डौ मा नै रहने बताउनुभयो । प्राप्ति (एक्विजिसन) पछि बन्ने नबिल बैंक लिमिटेडमा देहाय बमोजिम ७ जनाको सञ्चालक समिति यथावत कायम हुने जानकारी गराउनुभयो । प्राप्ति (एक्विजिशन) पछि अझ सुदृढ ढंगले उच्च प्राथमिकताकासाथ निक्षेपकर्ताहरुको निक्षेपको सुरक्षा, हकहित संरक्षण गर्न नेपाल राष्ट्र बैङ्कको निर्देशनको अधिनमा रही निक्षेप बीमा गर्ने, सर्वसाधारणको वचत निक्षेपको अंशलाई बैङ्कमा स्थायी लगानीको श्रोतको रुपमा अवलम्वन गर्ने र संस्थागत निक्षेपहरुलाई यस्ता साधारण वचतहरुले क्रमशः प्रतिस्थापन गर्दै लाने तथा सुरक्षित कर्जा प्रवाह गर्ने भावी नीति प्रति नबिल बैंक कटिबद्ध रहेको जानकारी गराउनुभयो । प्राप्ति (एक्विजिशन) मा संलग्न संस्थाहरुको बैंकिङ्ग



NABIL BANK
५/१८
Head Office
Teendhara, Kathmandu

वित्तीय, मानव संसाधन, सूचना प्रविधि एवं प्राविधिक क्षमता अभिबृद्धि गरी लगानीकर्ता एवं सर्वसाधारण शेयरधनीहरुलाई उचित प्रतिफल दिलाउँदै पूँजी संरचना अनुसार निजहरुको हकहित संरक्षण गर्न हामी प्राप्ति (एक्विजिशन) मा संलग्न संस्थाहरु प्राप्ति (एक्विजिशन) पछि अझ सुदृढ ढंगले उच्च प्राथमिकताकासाथ व्यवस्था गर्न प्रतिबद्ध जाहेर गर्नुभयो । २०७८ चैत्र मसान्तको आधारमा प्राप्ति पश्चात नबिल बैंक विभिन्न परिसूचकहरुमा अग्रणी हुने बताउनुभयो ।

प्राप्ति (एक्विजिशन) मा संलग्न संस्थाहरुको सहभागितामा गठित संयुक्त प्राप्ति समितिबाट नियुक्त सम्पत्ति, दायित्व तथा कारोबारको मुल्यांकनकर्ता पिकेएफ टी.आर. उपाध्याय एण्ड कम्पनी, चाटर्ड एकाउण्टटेन्ट्सबाट प्राप्त लक्षित संस्थाको सम्पत्ति, दायित्व तथा कारोवारको मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) बमोजिम नबिल बैंक लिमिटेडको १ कित्ता बराबर नेपाल बङ्गलादेश बैंक लिमिटेडको ०.४२८ कित्ता शेयर स्वाप रेसियो भएतापनि मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) मा उल्लिखित स्वाप रेसियोको घटबढ १० प्रतिशत भित्रै रहने गरी शेयर आदानप्रदान अनुपात (Share Swap Ratio) मा व्यावसायिक अवसरहरु, व्यवसायको प्रतिष्ठा, कर्मचारीहरुको योग्यता, क्षमता, दक्षता तथा कार्यकुशलता, बजार उपस्थिति, मुनाफा वितरणको इतिहास, पछिल्लो शेयर बजार मुल्य समेतका विषयहरुको आधारमा संयुक्त प्राप्ति समिति र नबिल बैंकको पुर्व निर्णय बमोजिम नै नेपाल बङ्गलादेश बैंक लिमिटेडको १०० कित्ता शेयर बराबर उक्त कम्पनीका शेयरधनीहरुलाई नबिल बैंक लिमिटेडको ४३ कित्ता (१:०.४३) शेयर रहने गरी स्वाप रेसियो कायम गरिएको जानकारी गराउनुभयो । प्राप्ति (एक्विजिशन) गरे पश्चात बैंकको पूँजी संरचना र संस्थापक तथा सर्वसाधारण समूहको शेयर स्वामित्व संरचनामा हुने परिवर्तनका सम्बन्धमा समेत बताउनुभयो ।

प्राप्ति (एक्विजिशन) गर्दा नेपाल बङ्गलादेश बैंकका जम्मा १०० वटा शाखा कार्यालयहरु मध्ये ५२ वटा शाखा कार्यालयहरु सोहि स्थानबाट नबिल बैंक लिमिटेडका शाखाका रुपमा संचालन गरिने, बाँकी ४८ शाखाहरु मध्ये ११ वटा शाखा हाललाई सोहि स्थानबाट संचालन गर्ने, १७ वटा शाखाहरुलाई काठमाडौं उपत्यका तथा महानगर एवं उपमहानगरपालिका भित्र पर्ने उपयुक्त स्थानमा स्थानान्तरण गरिने र २० वटा शाखाहरुलाई नबिल बैंक लिमिटेडका नजिकका शाखामा समायोजन गरी आउँदो आर्थिक बर्ष भित्र प्रतिस्थापन शाखाहरु खोलिने जानकारी गराउँदै प्राप्ति पछिको एकिकृत कारोवारको चरणमा २३४ वटा शाखाहरुबाट सेवा प्रदान गरिने र प्राप्तिको ६ महिना भित्र थप २० वटा प्रतिस्थापन शाखाहरु समेत गरी कुल २५४ शाखाहरुबाट बैंकको सेवा प्रदान गरिने समेत बताउनुभयो ।

कर्मचारी समायोजन र व्यवस्थापनका सम्बन्धमा सभालाई जानकारी गराउँदै नेपाल बंगलादेश बैंकलाई प्राप्ति गरे पछि नबिल बैंक लिमिटेडको प्रमुख कार्यकारी अधिकृत पदमा मिति २०७९ आषाढ १७ (तदनुसार ई.सं. १ जुलाई २०२२) देखि लागू हुने गरी श्री ज्ञानेन्द्र



NABIL BANK Head Office Teendhara, Kathmandu

प्रसाद ढुङ्गाना रहनु हुनेछ र निजको सेवा, सुविधा तथा नियुक्तिका शर्तहरु नबिल बैंक लिमिटेडको सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ । बैंकका कार्यकारिणी श्रेणीका कर्मचारी तथा अन्य कर्मचारीको व्यवस्थापन, पद मिलान तथा सेवा सुविधाका तथा लक्षित संस्थाको वा प्राप्ति (एक्विजिशन) पछिको स्वेच्छिक अवकाश योजना आदी सम्बन्धमा जानकारी गराउँदै समायोजन पश्चात नेपाल बङ्गलादेश बैंक लिमिटेडका कर्मचारीहरु र नबिल बैंक लिमिटेडका कर्मचारीहरु बिच समान व्यवहार र वृत्ति विकासमा समान अवसर प्रदान गरिने बताउनुभयो । प्राप्ति कार्यको सम्बन्धमा तथा अन्य बैंकिङ्ग कारोबारको सिलसिलामा सरोकारवालाहरुको गुनासो सुनुवाई गरी यथाशिघ्र त्यस्ता गुनासो समाधान गर्ने प्रयोजनको लागि प्राप्ति पश्चात बन्ने नबिल बैङ्क लिमिटेडमा एक गुनासो सुनुवाई इकाई गठन गरिने जानकारी गराउनुभयो । प्राप्ति (एक्विजिशन) मा संलग्न संस्थाहरुको विचमा प्राप्ति कार्य सम्पन्न गरी कारोबार संचालन गर्न यो सम्झौता भएको मितिले बढिमा २ महिना समयावधि लाग्ने अनुमान गरिएको जानकारी गराउनुभयो ।

## ९. छलफलको लागि आव्हान र सहभागी शेयरधनी महानुभावहरु :

९.१ तत्श्चात् अध्यक्षज्यले आजको विशेष साधारण सभामा प्रस्तावित विशेष प्रस्ताव उपर छलफलका लागि प्रस्तुत गर्नुभई त्यसउपरको छलफलमा भाग लिन तथा सम्पूर्ण विषयमाथि आ–आफ्नो मन्तव्य प्रकट गर्नु हुन र सो सम्बन्धमा कुनै प्रश्न तथा सुझाव भए मौखिक/लिखित जानकारी गराउनु हुन अध्यक्षज्यूले शेयरधनी महानुभावहरु समक्ष अनुरोध गर्नुभयो ।

९.२ छलफलमा सहभागी हुने/लिखित सुझाव दिनुहुने शेयरधनी महानुभावहरुको नामः

- श्री अमृत नाथ रेग्मी
- श्री अशोक उप्रेती
- श्री नरसिंह लाल चंखू
- श्री डमरु बल्लभ घिमिरे
- श्री इन्द्र कृष्ण श्रेष्ठ
- श्री गुणराज भट्ट
- श्री कृष्ण प्रसाद अधिकारी
- श्री लवराज जोशी
- श्री प्रेम बहादुर खड्का (Zoom मार्फत लिखित जिज्ञासा ब्यक्त)
- श्री शत्रुघन श्रेष्ठ
- मेजर कुबेर बहादुर श्रेष्ठ
- श्री उद्धव प्रसाद घिमिरे
- श्री शिव प्रसाद पौडेल
- श्री चन्द्र नारायण श्रेष्ठ
- श्री उत्तम दत्त पाण्डे
- श्री सुर्य बहादुर खड्का
- श्री नारायण सुन्दर श्रेष्ठ

## १०. छलफलमा सहभागी शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएका सुझाव, मन्तव्य तथा जिज्ञासाको सारांश :

नबिल बैंक लिमिटेडले नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई प्राप्ति गर्ने प्रस्ताव स्वागतयोग्य रहेको धारणा व्यक्त । नबिल बैंक लिमिटेडको स्थापनको सम्बन्धमा जानकारी गराउँदै अन्य बैंक तथा

वित्तीय संस्थालाई समेत प्राप्ति गर्न सुझाव । नबिल बैंकको स्तर अनुसारको अर्के कर्पोरेट भवन बनाउन सुझाब व्यक्त । कर्मचारी खर्च तथा सञ्चालन खर्च सन्तुलनमा राख्न सकेको धारणा व्यक्त । विदेशी विनिमय आम्दानी कम भएकोतर्फ ध्यानाकर्षण गराउँदै Off Balance sheet items बाटको आम्दानी रु.२ अर्ब बाट रु.३ अर्ब पु¥याउन सुझाव । शेयरधनीहरुसँग समय समयमा सेमिनार तथा अन्तरक्रिया कार्यक्रम गर्न आग्रह । कर्मचारीहरुको वृत्ति विकासका लागि आन्तरिक तालिम तथा प्रशिक्षणका साथ साथै अन्तर्राष्ट्रिय स्तरको तालिममा पठाउन सुझाव । आधार दर घटाउनुपर्ने धारणा व्यक्त । भुक्तानी हुन बाँकी लाभांश घटाउँदै लानुपर्ने र उक्त लाभांश शेयरधनी संरक्षण कोषमा पठाउन नहुने धारणा व्यक्त । नेपाल बङ्गलादेश बैंक लिमिटेडका कर्मचारीहरुको सेवा सुविधा नघटाउन र समान ब्यवहार गर्न अनुरोध । प्राप्ति पश्चात समेत अपेक्षाकृत बोनस शेयर प्राप्त गर्ने अपेक्षा ब्यक्त गर्दै ५० प्रतिशत लाभांश दिन आग्रह । बैंक USDA मा सूचीकरण भएकोमा धन्यवाद ज्ञापन । २०७९ असार मसान्त भित्र संयुक्त कारोबार सुरु गर्नुपर्ने धारणा व्यक्त । युनाइटेड फाइनान्सलाई ३५ प्रतिशत शेयर आदान प्रदान दिँदा "क" बर्गको नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई ५० प्रतिशत शेयर आदान प्रदान अनुपात दिन मिल्ने धारणा व्यक्त । नबिल बैंक लिमिटेडले नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई प्राप्ति गरेपश्चात बैंकिङ्ग क्षेत्रमा नयाँ अध्याय थपिएको धारणा व्यक्त । संचालकहरुलाई समेत मुनाफामा सहभागी हुने ब्यवस्था गर्न नियामक निकायहरुसँग छलफल गर्नुपर्ने धारणा व्यक्त । नेपाल बङ्गलादेश बैंक लिमिटेडका कर्मचारीहरुले अपमान महशुस नगर्ने गरी काम गनुपर्ने धारणा व्यक्त । नेपाल बङ्गलादेश बैंक लिमिटेडको खराब कर्जा धेरै भएको धारणा व्यक्त गर्दै त्यसको व्यवस्थापनमा ध्यान दिन अनुरोध । प्राप्ति कार्यमा संलग्न सम्पूर्ण सबैलाई धन्यवाद ज्ञापन । संयुक्त कारोबारका सम्बन्धमा जिज्ञासा ब्यक्त । नबिल बैंक लिमिटेडले नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई प्राप्ति गरेको हुँदा अन्यलाई संचालक नदिन आग्रह । नबिल बैंकमा हाल रहेका कार्यकारी प्रमुख श्री अनिल केशरी शाहलाई हटाई अन्य ब्यक्तिलाई कार्यकारी प्रमुख राख्ने भन्ने सम्बन्धमा जिज्ञासा ब्यक्त । अन्य बैंकहरुमा जस्तै नबिल बैंकमा आएपछि नेपाल बङ्गलादेश बैंक लिमिटेडको पूर्व कार्यकारी प्रमुखले नबिल बैंकका कर्मचारीहरुलाई दबाउन थालेमा कसको दायित्व हुने भनि जिज्ञासा व्यक्त । आगामी साधारण सभामा शेयरधनीले प्राप्त गर्ने लाभांशका सम्बन्धमा जिज्ञासा ब्यक्त । संचालक र शेयरधनी बिच सम्बन्ध राम्रो नभएको धारणा व्यक्त गर्दै सम्बन्ध सुधार गर्न सुझाव । प्राप्ति पश्चात कर्मचारी ब्यवस्थापनमा ध्यान दिन अनुरोध गर्दै व्यवस्थित रुपमा प्राप्ति सम्पन्न गर्न आग्रह । सम्पत्ति, दायित्व, तथा कारोबारको मुल्यांकनकर्ताले पेश गरेको शेयर आदान प्रदान अनुपात स्वागतयोग्य रहेको धारणा व्यक्त । संयुक्त संचालन पश्चात शाखा ब्यवस्थापन चुस्त हुने अपेक्षा गर्दै शाखा स्थानान्तरणमा ध्यान दिन आग्रह । जोखिम ब्यवस्थापनमा ध्यान दिन आग्रह । बैंकहरुको शाखा नपुगेको ३ वटा स्थानिय निकायमा शाखा खोल्न अनुरोध । नबिल बैंकले पारदर्शिता, संस्थागत सुशासनलाई पहिले जस्तै ध्यान दिनुपर्ने सुझाव व्यक्त । संयुक्त कारोबारका दिन शेयरधनीहरुलाई आमन्त्रण गर्न अनुरोध । प्राप्ति पश्चात नबिल बैंकले दिँदै आएको लाभांशमा धक्का लाग्ने आशंका व्यक्त । शाखाहरु गाभ्नुको साटो अन्यत्र स्थानान्तरण गर्न अनुरोध गर्दै नयाँबस्ती गौरीघाट क्षेत्रमा शाखा खोल्न आग्रह । नेपाल बङ्गलादेश बैंक लिमिटेडले गैह्र बैकिङ्ग सम्पत्तिमा लिएका सम्पत्तिहरु बिक्रि गर्न आग्रह गर्दै गैह्र बैकिङ्ग सम्पत्तिको व्यवस्थापनमा ध्यान दिन सुझाव । हरिसिद्धिको जग्गाको सम्बन्धमा सम्पत्ति, दायित्व, तथा कारोबारको मुल्यांकन प्रतिवेदनमा भएको मूल्य सम्बन्धमा जिज्ञासा



NABIL BANK Head Office Teendhara, Kathmandu

व्यक्त । प्राप्ति सम्बन्धमा कायम गरिएको शेयर आदान प्रदान अनुपातका बारेमा जिज्ञासा व्यक्त । कर सुविधाका लागि मात्र प्राप्ति गरेको धारणा व्यक्त । नबिल बैंक राम्रो बैंक भएकोले यहाँ नियुक्त गर्ने कार्यकारी प्रमुख तथा कर्मचारीहरु उत्कृष्ट राख्नुपर्ने धारणा व्यक्त गर्दै वहालवाल कार्यकारी प्रमुखले छोड्ने सम्बन्धमा जिज्ञासा व्यक्त । अध्यक्षको प्रतिवेदन विगत जस्तै लामो भएको धारणा व्यक्त । नबिल बैंकका शेयरधनीहरुको हक हितमा बोल्न शेयरधनीहरुलाई आग्रह गर्दै अन्य बैंकका शेयरधनीहरुको सम्बन्धमा सभामा बोल्न नमिल्ने धारणा व्यक्त । प्रति शेयर आम्दानीका सम्बन्धमा जिज्ञासा ब्यक्त । नेपाल बङ्गलादेश बैंक लिमिटेडको पूर्व कार्यकारी प्रमुखलाई नबिल बैंकको कार्यकारी प्रमुख राख्दा कर्मचारी समायोजन राम्रो सँग हुने हुँदा उक्त कार्य ठीक रहेको धारणा व्यक्त । प्राप्ति पश्चात समेत पूँजीको हिसाबले बैकिङ्ग क्षेत्रमा २ नं. हुने हुँदा १ नं. बन्नुपर्ने धारणा व्यक्त । दोस्रो बजारमा नबिल बैंकको शेयर मूल्य कम भएको तर्फ ध्यानाकर्षण गराउदै सो सम्बन्धमा जिज्ञासा व्यक्त । आगामी साधारण सभा शुरु गर्दा दिप प्रज्वलन गर्दै उद्घाटन गर्नुपर्ने धारणा व्यक्त । साधारणसभाको काम कारबाहीको विवरण (माईन्यूट) शेयरधनीहरुलाई उपलब्ध गराउनुपर्ने धारणा व्यक्त । शेयरधनीहरुले मूल्याकंनका सम्बन्धमा जथाभावि व्याख्या नगरी तथ्यपरक ढंगले बोल्नुपर्ने धारणा व्यक्त । नेपाल बङ्गलादेश बैंक लिमिटेडको Intrinsic value कम भएको हुँदा उसलाई दिइएको शेयर आदान प्रदान अनुपात नबिलको तुलनामा धेरै भएको धारणा व्यक्त । नबिल बैंकलाई सम्पूर्ण कुराले पोख्त, प्रतिस्पर्धी, दक्ष कार्यकारी प्रमुख नियुक्त गर्नुपर्ने सुझाब व्यक्त । सर्वसाधारण शेयरधनीहरुको हितलाई प्राथमिकतामा राखि काम गर्न अनुरोध । साधारणसभामा छलफलका लागि पेश गरिएका विषयहरु समयमै प्राप्त नगरेको गुनासो । पिकेएफ टि.आर. उपाध्याय एण्ड कम्पनी चाटर्ड एकाउण्टेन्टस् लाई मात्र धेरै जसो लेखापरीक्षक/मुल्यांकनकर्ता नियुक्त गरेको सम्बन्धमा जिज्ञासा व्यक्त । शेयरधनीहरुको उपस्थिती कम गर्न शनिवार साधारणसभा बोलाएको धारणा व्यक्त गर्दै शनिवार साधारण सभा नगर्न अनुरोध । शाखा कार्यालयहरु सकेसम्म स्थानान्तरण गरी संचालन अनुरोध गर्दै न्यून मूल्यमा विक्री नगर्न सुझाव । नबिल बैंक आफैमा उत्कृष्ट भएको हुँदा प्राप्ति आवश्यक नरहेको धारणा व्यक्त ।

**११. सभामा शेयरधनी महानुभावहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको अध्यक्षले दिनु भएको जवाफ :**

शेयरधनी महानुभावहरुले व्यस्तताको बाबजुद समेत बैंकप्रतिको सद्भावका कारण समय/व्यवस्था मिलाएर भौतिक रुपमै साधारणसभा स्थलमा उपस्थित भएर तथा विद्युतीय माध्यमबाट सभामा भाग लिनुका साथै सुझाव एवं मार्गदर्शन दिनु भएकोमा धन्यवाद ज्ञापन गर्नुभयो । बैंकहरुको पहिचान तथा गहन अध्ययान र लामो छलफल पश्चात प्राप्ति पक्रिया अगाडि बढाईएको जानकारी गराउँदै यो पक्रिया क्षणिक नभएको धारणा व्यक्त ।

सभामा उठेका प्रश्न तथा विषयवस्तुहरुमा छलफलको क्रममा सभाध्यक्ष ज्यूले नबिल बैंक लिमिटेडले नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई प्राप्ति (Acquisition) गर्ने प्रयोजनको लागि नियुक्त मुल्यांकनकर्ता पिकेएफ टी.आर.उपाध्याय एण्ड कम्पनी, चाटर्ड एकाउण्टटेन्ट्सबाट प्राप्त लक्षित संस्थाको सम्पत्ति, दायित्व तथा कारोवारको मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report)

को आधारमा शेयर आदान प्रदान अनुपात कायम गरिएको जानकारी गराउँदै बङ्गलादेश बैंक लिमिटेडको शेयर आदान प्रदान अनुपात कम नभएको धारणा व्यक्त गर्नुभयो । बैंकको गौरबपूर्ण इतिहासको कारण नै मर्जरको सट्टा प्राप्ति गर्न बैंक सफल भएको धारणा व्यक्त गर्दै सम्पूर्ण शेयरधनीहरु खुशि हुनुपर्ने धारणा व्यक्त गर्नुभयो । साथै सभाध्यक्ष ज्यूले मर्जर तथा प्राप्ति भनेको समन्वय तथा सहक्रिया सिद्धान्तको आधारमा प्राप्त लाभ रहेको धारणा व्यक्त गर्दै यस सम्बन्धमा नबिल बैंकले राम्रो सँग मुल्यांकंन गरेको र प्राप्ति पश्चात आगामी दिनमा कम्तिमा ३ साल सम्म लगातार बजारले दिएको औसत प्रतिफल भन्दा दोब्बर प्रतिफल शेयरधनीहरुलाई दिन सक्षम रहेको सभालाई जानकारी गराउनुभयो। बैंकिङ्ग क्षेत्र चुनौतिपूर्ण रहेको धारणा ब्यक्त गर्दै विभिन्न किसिमका चुनौतिहरुको सामना गर्न अझ सुदृढ हुन तथा बैंकले अंगिकार गरेको दिगो बैंकिङ्गको नीति बमोजिम बैंक सँग सँगै निक्षेपकर्ता, व्यवसायिक, राज्य लगायत सम्पूर्ण सरोकारवालाको दिगो विकास हुनुपर्ने धारण व्यक्त गर्नुभयो । बैंकको हाल व्यवस्थापन तथा कर्मचारिहरुको समूह समस्त बैंकिङ्ग क्षेत्रमै उत्कृष्ट समूह रहेको जानकारी गराउनुभयो । संयुक्त कारोबारका सम्बन्धमा सभामा व्यक्त जिज्ञासालाई सम्बोधन गर्दै २०७९ आषाढ २० गते तदनुसार ४ जुलाई २०२२ लाई संयुक्त कारोबारको मिति तय गरिएको जानकारी प्रस्तुत । प्राप्ति किन आवश्यक भनी सभामा व्यक्त जिज्ञासालाई सम्बोधन गर्दै बैंक ठूलो भएपछि कुनैपनि किसिमका आर्थिक धक्काहरुको सामना गर्न, लगानीका लागि आवश्यक पूँजीको तर्जुमा गर्न तथा प्रविधिमा लगानी गर्न लगायत नेपाल बाहिर समेत शाखा विस्तार गर्न आवश्यक भएमा सो का लागि समेत आवश्यक पूँजीका लागि मर्जर तथा प्राप्ति आवश्यक रहेको जानकारी प्रस्तुत । कर्मचारी समायोजनका सम्बन्धमा देशकै कानून बमोजिम खाईपाई आएको सुबिधा नघटाउने र स्वेच्छिक अवकाश कर्मचारीको व्यवस्थापनको लागि ल्याइएको धारणा व्यक्त गर्दै कसैलाई काखा र पाखा गर्न नल्याएको धारणा व्यक्त । शाखाहरुको स्थानान्तरणको हकमा नियमन प्राबधान तथा आवश्यकता र औचित्यलाई ध्यानमा राखि स्थानान्तरण गरिने जानकारी गराउनुभयो । खराब कर्जाका सम्बन्धमा सभामा ब्यक्त जिज्ञाशालाई सम्बोधन गर्दै त्यसका सम्बन्धमा बैंकले ध्यान केन्द्रित गरेको र आगामी साधारण सभामा यहाँहरुले यस सम्बन्धमा सुधारिएको विवरण प्राप्त गर्नुहुने जानकारी प्रस्तुत गर्नुभयो। सम्पूर्ण सबैको सहयोगको फलस्वरुप प्राप्ति प्रक्रिया यहाँसम्म आईपुगेको धारणा ब्यक्त गर्दै सम्पूर्ण शेयरधनी, संचालक, व्यवस्थापन, कर्मचारी, नियमन निकाय तथा सरोकारवालाहरुलाई धन्यवाद ज्ञापन ।

१२. **सभाको निर्णय :**

**(क) विशेष प्रस्तावहरु :**

**१. नबिल बैंक लिमिटेडले नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई प्राप्ति (Acquisition) गर्ने प्रयोजनको लागि मुल्यांकनकर्ता पिकेएफ टी.आर. उपाध्याय एण्ड कम्पनी, चाटर्ड एकाउण्टटेन्ट्सबाट प्राप्त लक्षित संस्थाको सम्पत्ति, दायित्व तथा कारोवारको मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) बमोजिम सिफारिस गरिएको शेयर आदानप्रदान अनुपात (Share Swap Ratio) मा व्यावसायिक अवसरहरु, व्यवसायको प्रतिष्ठा, कर्मचारीहरुको योग्यता, क्षमता, दक्षता तथा कार्यकुशलता, बजार उपस्थिति, मुनाफा वितरणको इतिहास, पछिल्लो शेयर बजार मुल्य समेतका विषयहरुको आधारमा नेपाल बङ्गलादेश बैंक लिमिटेडको १०० कित्ता शेयर बराबर उक्त कम्पनीका**

**शेयरधनीहरुलाई नबिल बैंक लिमिटेडको ४३ कित्ता (१:०.४३) शेयर प्रदान गर्ने गरी नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई प्राप्ति (Acquisition) गर्न स्वीकृति प्रदान गर्ने ।**

नबिल बैंक लिमिटेडले नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई प्राप्ति (Acquisition) गर्ने प्रयोजनको लागि मुल्यांकनकर्ता पिकेएफ टी.आर.उपाध्याय एण्ड कम्पनी, चाटर्ड एकाउण्टटेन्ट्सबाट प्राप्त लक्षित संस्थाको सम्पत्ति, दायित्व तथा कारोवारको मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) बमोजिम सिफारिस गरिएको शेयर आदानप्रदान अनुपात (Share Swap Ratio) मा व्यावसायिक अवसरहरु, व्यवसायको प्रतिष्ठा, कर्मचारीहरुको योग्यता, क्षमता, दक्षता तथा कार्यकुशलता, बजार उपस्थिति, मुनाफा वितरणको इतिहास, पछिल्लो शेयर बजार मुल्य समेतका विषयहरुको आधारमा नेपाल बङ्गलादेश बैंक लिमिटेडको १०० कित्ता शेयर बराबर उक्त कम्पनीका शेयरधनीहरुलाई नबिल बैंक लिमिटेडको ४३ कित्ता (१:०.४३) शेयर प्रदान गर्ने गरी नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई प्राप्ति (Acquisition) गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा अध्यक्षज्यूबाट सभा समक्ष विशेष प्रस्ताव पेश गरिएकोमा सभाले उल्लिखित विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गऱ्यो ।

**२. नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई नबिल बैंक लिमिटेडले प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा भएको सम्पत्ति, दायित्व, तथा कारोबारको मुल्यांकनकर्ता पिकेएफ टी.आर. उपाध्याय एण्ड कम्पनी, चाटर्ड एकाउण्टटेन्ट्सको नियुक्ति तथा निजलाई भुक्तानी गरिएको पारिश्रमिक, सम्पत्ति तथा दायित्व मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report), समझदारीपत्र (Memorandum of Understanding) तथा अन्तिम सम्झौता पत्र (Final Scheme of Arrangement) लगायतका सम्पुर्ण काम कारवाहीहरुलाई अनुमोदन गर्ने ।**

नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई नबिल बैंक लिमिटेडले प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा भएको सम्पत्ति, दायित्व, तथा कारोबारको मुल्यांकनकर्ता पिकेएफ टी.आर.उपाध्याय एण्ड कम्पनी, चाटर्ड एकाउण्टटेन्ट्सको नियुक्ति तथा निजलाई भुक्तानी गरिएको पारिश्रमिक रु.१७,५०,०००/– (मु.अ.क. बाहेक), सम्पत्ति तथा दायित्व मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report), समझदारीपत्र (Memorandum of Understanding) तथा अन्तिम सम्झौता/सहमति पत्र (Final Scheme of Arrangement/Agreement) लगायतका सम्पुर्ण काम कारवाहीहरुलाई अनुमोदन गर्न अध्यक्षले सभा समक्ष विशेष प्रस्ताव पेश गर्नुभएकोमा सभाले सर्वसम्मतिबाट सो को स्वीकृति प्रदान गऱ्यो ।

**३. विशेष प्रस्ताब १ बमोजिम नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई प्राप्ति गरे पश्चात बैंकको अधिकृत, जारी तथा चुक्ता पूँजी बृद्धि हुने भएको तथा संस्थापक र सर्वसाधारण शेयरधनीहरुको शेयर स्वामित्व प्रतिशत समेत परिवर्तन हुने भएकोले सोही बमोजिम बैंकको प्रबन्धपत्रको विभिन्न दफाहरुमा संशोधनको प्रस्तावलाई स्वीकृति प्रदान गर्ने ।**

विशेष प्रस्ताब १ बमोजिम नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई प्राप्ति गरे पश्चात बैंकको अधिकृत, जारी तथा चुक्ता पूँजी बृद्धि हुने भएको तथा संस्थापक र सर्वसाधारण शेयरधनीहरुको शेयर स्वामित्व प्रतिशत समेत परिवर्तन हुने भएकोले सोही बमोजिम बैंकको प्रबन्धपत्रको विभिन्न दफाहरुमा



NABIL BANK Head Office Teendhara, Kathmandu

संशोधनको प्रस्तावलाई स्वीकृति प्रदान गर्ने सम्बन्धी विशेष प्रस्ताव पेश गरिएकोमा सभाले उल्लिखित सम्पूर्ण विशेष प्रस्तावहरु तपसिल बमोजिम सर्वसम्मतिबाट पारित गऱ्यो:

<u>प्रबन्धपत्रमा संशोधन</u> :

- **<u>प्रबन्धपत्रको दफा ५ को उपदफा (१) लाई देहाय बमोजिम संशोधन गर्ने :</u>**
  बैंकको अधिकृत पूँजी रू.२३,००,००,००,०००/- (अक्षरेपी तेईस अर्ब मात्र) हुनेछ । सो पूँजीलाई रू.१००/- दरका २३,००,००,००० (तेईस करोड) थान साधारण शेयरमा विभाजित गरिएको छ ।

- **<u>प्रबन्धपत्रको दफा ५ को उपदफा (२) लाई देहाय बमोजिम संशोधन गर्ने :</u>**
  बैंकको जारी पूँजी रू.२२,८३,२९,०८,६३२/३४ (अक्षरेपी बाईस अर्ब त्रियासी करोड उनान्तीस लाख आठ हजार छ सय बत्तीस रुपैयाँ र पैसा चौंतीस मात्र) हुनेछ, सो पूँजीलाई प्रति शेयर रु. १००/- का दरको २२,८३,२९,०८६.३२ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

- **<u>प्रबन्धपत्रको दफा ५ को उपदफा (३) लाई देहाय बमोजिम संशोधन गर्ने:</u>**
  बैंकको चुक्ता पूँजी रू.२२,८३,२९,०८,६३२/३४ (अक्षरेपी बाईस अर्ब त्रियासी करोड उनान्तीस लाख आठ हजार छ सय बत्तीस रुपैयाँ र पैसा चौंतीस मात्र) हुनेछ, सो पूँजीलाई प्रति शेयर रू.१००/- का दरको २२,८३,२९,०८६.३२ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

- **<u>प्रबन्धपत्रको दफा ६ को उपदफा (२) लाई देहाय बमोजिम संशोधन गर्ने:</u>**
  बैंकको जारी पूँजीको समूहगत शेयर स्वामित्व देहाय अनुसार हुनेछ :
  (क) संस्थापक शेयरधनीहरुको शेयर स्वामित्व ५८.४४ (अन्ठाउन्न दशमलब चार चार) प्रतिशत हुनेछ ।
  (ख) सर्वसाधारण शेयरधनीहरुको शेयर स्वामित्व ४१.५६ (एकचालीस दशमलब पाँच छ ) प्रतिशत हुनेछ ।

**४. नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई प्राप्ति गर्ने प्रक्रियामा एवं बैंकको प्रबन्ध पत्र तथा नियमावली संशोधनको क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका विभिन्न नियमनकारी निकायबाट स्वीकृति लिने/अभिलेख गर्ने क्रममा भए गरेका काम कारवाही वा पूँजी संरचना वा प्रबन्धपत्र तथा नियमावलीको संशोधनका सम्बन्धमा नियमनकारी निकायहरुबाट संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा सोही बमोजिम संशोधन/परिमार्जन समेतका सम्पूर्ण कार्यहरु गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।**

NABIL BANK Head Office Teendhara, Kathmandu

नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई प्राप्ति गर्ने प्रक्रियामा एवं बैंकको प्रबन्ध पत्र तथा नियमावली संशोधनको क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका विभिन्न नियमनकारी निकायबाट स्वीकृति लिने/अभिलेख गर्ने क्रममा भए गरेका काम कारवाही वा पूँजी संरचना वा प्रबन्धपत्र तथा नियमावलीको संशोधनका सम्बन्धमा नियमनकारी निकायहरुबाट संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा सोही बमोजिम संशोधन/परिमार्जन समेतका सम्पूर्ण कार्यहरु गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्न अध्यक्षबाट सभा समक्ष विशेष प्रस्ताव पेश गरिएकोमा सभाले सो विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गऱ्यो ।

**५. नबिल बैंक लिमिटेडमा अर्को बैंक तथा वित्तीय संस्था गाभ्ने वा बैंकलाई अर्को बैंक तथा वित्तीय संस्थासँग गाभ्ने (Merger) वा प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा आवश्यकता अनुसार मर्जर/प्राप्ति समितिको गठन गर्ने, उपयुक्त संस्थासँग समझदारीपत्र (Memorandum of Understanding) गर्ने, सम्पत्ति तथा दायित्व मुल्यांकन (Due Diligence Audit) गर्ने/गराउने, शेयर आदानप्रदान अनुपात (Share Swap Ratio) तय गर्ने, गाभ्ने/गाभिने वा प्राप्त गर्ने सम्बन्धमा अन्तिम सम्झौता गर्ने लगायतका सो सम्बन्धमा गनुपर्ने आवश्यक सम्पूर्ण कार्य गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।**

नबिल बैंक लिमिटेडमा अर्को बैंक तथा वित्तीय संस्था गाभ्ने वा बैंकलाई अर्को बैंक तथा वित्तीय संस्थासँग गाभ्ने (Merger) वा प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा आवश्यकता अनुसार मर्जर/प्राप्ति समितिको गठन गर्ने, उपयुक्त संस्थासँग समझदारीपत्र (Memorandum of Understanding) गर्ने, सम्पत्ति तथा दायित्व मुल्यांकन (Due Diligence Audit) गर्ने/गराउने, शेयर आदानप्रदान अनुपात (Share Swap Ratio) तय गर्ने, गाभ्ने/गाभिने वा प्राप्त गर्ने सम्बन्धमा अन्तिम सम्झौता गर्ने लगायतका सो सम्बन्धमा गनुपर्ने आवश्यक सम्पूर्ण कार्य गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्न अध्यक्षबाट सभा समक्ष विशेष प्रस्ताव पेश गरिएकोमा सभाले सो विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गऱ्यो ।

**(ख) विविध :** यस अन्तर्गत छलफलको कुनै विषय नभएको ।

**१४. धन्यवाद ज्ञापन :**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षले शेयरधनी महानुभावहरु सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनु भई बैंकको प्रगतिका लागि आवश्यक मार्गदर्शन समेत प्रदान गरीदिनु भएकोमा तथा विशेष साधारण सभा सफलतापूर्वक सञ्चालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई भौतिक रुपमा तथा अनलाईन/विद्युतीय माध्यम जुम (ZOOM) बाट समेत उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु, लेखा परीक्षक, मुल्यांकनकर्ता, पर्यवेक्षक, आमन्त्रित व्यक्तित्वहरु, नियमन निकायहरु लगायत यस सभाको सफलतापूर्वक सञ्चालनका लागि योगदान गर्नु हुने सम्बन्धित सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

साथै, नबिल बैंक लिमिटेडले नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई नबिल बैंक लिमिटेडले प्राप्ति गर्ने सम्बन्धमा सम्पत्ति, दायित्व, तथा कारोबारको मुल्यांकनकर्ता गर्नुहुने पिकेएफ टी.आर.उपाध्याय एण्ड



NABIL BANK Head Office Teendhara, Kathmandu

कम्पनी, चाटर्ड एकाउण्टटेन्ट्स, यस सम्बन्धमा गठित दुवै संस्थाका मर्जर तथा प्राप्ति समिति (Merger Acquisition Committee) का संयोजक तथा सदस्यहरु, संयुक्त मर्जर तथा प्राप्ति समिति (Joint Merger and Acquisition Committee) का संयोजक तथा सदस्यहरु, दुबै बैंकका कार्यकारी प्रमुख तथा कर्मचारीहरु, नेपाल राष्ट बैंक तथा अन्य नियामक निकायहरु लगायत प्राप्ति कार्यमा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण सवैलाई हार्दिक धन्यवाद व्यक्त गर्नुभयो ।

१५. **सभा विसर्जन :**

तत्पश्चात् अध्यक्षले सभा सफलतापूर्वक सम्पन्न भएकोमा सबैलाई बधाई ज्ञापन गर्दै अपरान्ह २:३० बजे सभा विसर्जन गर्नुभयो ।

| | | |
|---|---|---|
| ................. | NABIL BANK Head Office Teendhara, Kathmandu | ................. |
| **विनय कुमार रेग्मी** | | **उपेन्द्र प्रसाद पौडेल** |
| **(कम्पनी सचिव)** | | **(अध्यक्ष)** |

## नबिल बैंक लिमिटेडको मिति २०७९/०२/०७ गते सम्पन्न विशेष साधारण सभाबाट पारित प्रबन्धपत्रमा संशोधनको तिन महले

| दफा उपदफा | विद्यमान व्यवस्था | प्रस्तावित संशोधन | संशोधनको कारण |
|---|---|---|---|
| ५(१) | बैंकको अधिकृत पूँजी रू. १९,००,००,००,०००/- ( अक्षरेपी रु. उन्नाईस अर्ब मात्र) हुनेछ। सो पूँजीलाई रू. १००/- दरका १९,००,००,००० (उन्नाईस करोड) थान साधारण शेयरमा विभाजित गरिएको छ। | बैंकको अधिकृत पूँजी रू. २३,००,००,००,०००/- ( अक्षरेपी तेईस अर्ब मात्र) हुनेछ । सो पूँजीलाई रू. १००/- दरका २३,००,००,००० ( तेईस करोड) थान साधारण शेयरमा विभाजित गरिएको छ। | बैंकले नेपाल बङ्गलादेश बैंकलाई प्राप्ति गर्दा शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) बमोजिम बैंकको अधिकृत पूँजी बृद्धि गनुपर्ने भएकोले। |
| ५(२) | बैंकको जारी पूँजी रू. १८,४९,६१,८६,७४५/- ( अक्षरेपी रु. अठार अर्ब उनन्पचास करोड एकसट्ठी लाख छयासी हजार सात सय पौंतालीस मात्र) हुनेछ, सो पूँजीलाई प्रति शेयर रु. १००/- का दरको १८,४९,६१,८६७.४५ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ। | बैंकको जारी पूंजी रू. २२,८३,२९,०८,६३२.३४ (अक्षरेपी बाईस अर्ब त्रियासी करोड उनान्तीस लाख आठ हजार छ सय बत्तीस तथा पैसा चौंतीस मात्र) हुनेछ, सो पूँजीलाई प्रति शेयर रु. १००/- का दरको २२,८३,२९,०८६.३२ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ। | बैंकले नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई प्रस्तावित १:०.४३ को शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) अनुपातमा प्राप्ति (Acquisition) पश्चात् तदनुरुप जारी पूंजी बृद्धि गर्न आवश्यक भएकोले। |
| ५(३) | बैंकको चुक्ता पूँजी रू.१८,४९,६१,८६,७४५/- ( अक्षरेपी रु. अठार अर्ब उनन्पचास करोड एकसट्ठी लाख छयासी हजार सात सय पौंतालीस मात्र) हुनेछ, सो पूँजीलाई प्रति शेयर रु. १००/- का दरको १८,४९,६१,८६७.४५ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ। | बैंकको चुक्ता पूँजी रू. २२,८३,२९,०८,६३२.३४ (अक्षरेपी बाईस अर्ब त्रियासी करोड उनान्तीस लाख आठ हजार छ सय बत्तीस तथा पैसा चौंतीस मात्र) हुनेछ, सो पूँजीलाई प्रति शेयर रु. १००/- का दरको २२,८३,२९,०८६.३२ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ। | बैंकले नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई प्रस्तावित १:०.४३ को Share Swap Ratio (शेयर आदान प्रदान) अनुपातमा प्राप्ति (Acquisition) पश्चात् तदनुरुप चुक्ता पूँजी बृद्धि गर्न आवश्यक भएकोले। |
| ६(२) | बैंकको जारी पूँजीको समूहगत शेयर स्वामित्व देहाय अनुसार हुनेछ :<br>(क) संस्थापक शेयरधनीहरुको शेयर स्वामित्व ६०.०३ (साठी दशमलव शून्य तीन) प्रतिशत हुनेछ।<br>(ख) सर्वसाधारण शेयरधनीहरुको शेयर स्वामित्व ३९.९७ (उनान्चालीस दशमलव नौ सात) प्रतिशत हुनेछ। | बैंकको जारी पूँजीको समूहगत शेयर स्वामित्व देहाय अनुसार हुनेछ :<br>(क) संस्थापक शेयरधनीहरुको शेयर स्वामित्व ५८.४४ (अन्ठाउन्न दशमलव चार चार) प्रतिशत हुनेछ।<br>(ख) सर्वसाधारण शेयरधनीहरुको शेयर स्वामित्व ४१.५६ (एकचालीस दशमलव पाँच छ ) प्रतिशत हुनेछ। | बैंकले नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई प्रस्तावित १:०.४३ का शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) मा प्राप्ति (Acquisition) पश्चात् तदनुरुप कायम हुन आउने शेयर स्वामित्व प्रतिशत परिवर्तन गर्न आवश्यक भएकोले। |

NABIL BANK Head Office Teendhara, Kathmandu

## नबिल बैंक लिमिटेडको
## मिति २०७९ ज्येष्ठ ७ गते सम्पन्न विशेष साधारणसभाबाट पारित
## प्रबन्धपत्रमा संशोधन

| दफा | संशोधित व्यवस्था |
|---|---|
| दफा ५(१): | बैंकको अधिकृत पूँजी रू.२३,००,००,००,०००/- (अक्षरेपी तेईस अर्ब मात्र) हुनेछ । सो पूँजीलाई रू.१००/- दरका २३,००,००,००० (तेईस करोड) थान साधारण शेयरमा विभाजित गरिएको छ । |
| दफा ५(२): | बैंकको जारी पूँजी रू.२२,८३,२९,०८,६३२/३४ (अक्षरेपी बाईस अर्ब त्रियासी करोड उनान्तीस लाख आठ हजार छ सय बत्तीस रुपैयाँ र पैसा चौंतीस मात्र) हुनेछ, सो पूँजीलाई प्रति शेयर रु. १००/- का दरको २२,८३,२९,०८६.३२ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । |
| दफा ५(३): | बैंकको चुक्ता पूँजी रू.२२,८३,२९,०८,६३२/३४ (अक्षरेपी बाईस अर्ब त्रियासी करोड उनान्तीस लाख आठ हजार छ सय बत्तीस रुपैयाँ र पैसा चौंतीस मात्र) हुनेछ, सो पूँजीलाई प्रति शेयर रू.१००/- का दरको २२,८३,२९,०८६.३२ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । |
| दफा ६(२): | बैंकको जारी पूँजीको समूहगत शेयर स्वामित्व देहाय अनुसार हुनेछ :<br>(क) संस्थापक शेयरधनीहरुको शेयर स्वामित्व ५८.४४ (अन्ठाउन्न दशमलव चार चार) प्रतिशत हुनेछ ।<br>(ख) सर्वसाधारण शेयरधनीहरुको शेयर स्वामित्व ४१.५६ (एकचालीस दशमलव पाँच छ) प्रतिशत हुनेछ । |

NABIL BANK® Head Office Teendhara, Kathmandu